अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

थासाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ७ मिति : २०८२।०४।२६

## भाग — २

## थासाङ गाउँपालिका

# कर्मचारी नियुक्तिको सूचना

<u>थासाङ गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :</u> २०८०।११।२२, २०८०।१२।२३, २०८१।०३।०९, २०८१।०४।१७, २०८१।१२।१७

# सूचना-१

थासाङ गाउँपालिकाको मिति २०८०।११।२२ को निर्णय अनुसार गण्डकी प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आउनुभएका **श्री सुर्य कुमार राजवंशी**लाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ (१) बमोजिम स्थानीय स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समुह, आठौं तहको मेडिकल अधिकृत पदमा मिति २०८०।११।२२ देखि लागु हुने गरी नियुक्ति गरेकोले सोही ऐनको दफा १६ (१) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

# सूचना-२

थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाले मिति २०८०।१२।२३ को निर्णय अनुसार गण्डकी प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आउनुभएका **श्री देव राज शर्मा जैसी**लाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ (१) बमोजिम स्थानीय कृषि सेवा, सातौं तहको कृषि अधिकृत पदमा मिति २०८०।१२।१९ देखि लागु हुने गरी नियुक्ति गरेकोले सोही ऐनको दफा १६ (१) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

# सूचना-३

थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाले मिति २०८१।०३।०९ को निर्णय अनुसार गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बढुवा समितिको सचिवालयको पत्र सङ्ख्या २०८०/८१, मिति २०८१।०३।०५, च.नं. १५० को पत्र सहित बढुवा नियुक्तिका लागि आउनुभएका **श्री गौरव राना मगर**लाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४३(२) र १६ (१) बमोजिम स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समुह, सातौं तहको शिक्षा अधिकृत पदमा मिति २०८१।०२।२२ देखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरेकोले सोही ऐनको दफा १६ (१) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

# सूचना-४

थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाले मिति २०८१।०४।१७ को निर्णय अनुसार गण्डकी प्रदेश लोक सेवा आयोगबाट सिफारिस भई आउनुभएका **श्री अनिल अर्याल**लाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ (१) बमोजिम स्थानीय प्रशासन सेवा, प्रशासन समुह, सातौं तहको प्रशासकीय अधिकृत पदमा मिति २०८१।०४।०१ देखि लागु हुने गरी नियुक्ति गरेकोले सोही ऐनको दफा १६ (१) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

# सूचना-५

थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाले मिति २०८१।०४।१७ को निर्णय अनुसार गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बढुवा समितिको सचिवालयको पत्र सङ्ख्या २०८१/८२, मिति २०८१।०४।१४, च.नं. ८ को पत्र सहित बढुवा नियुक्तिका लागि आउनुभएका **श्री त्रिलोचन गिरी**लाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४३(२) र १६ (१) बमोजिम स्थानीय इन्जिनियरिङ्ग सेवा, सिभिल समुह, सातौं तहको इन्जिनियर पदमा मिति २०८१।०२।२८ देखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरेकोले सोही ऐनको दफा १६ (१) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

# सूचना-६

थासाङ गाउँपालिका, गाउँ कार्यपालिकाले मिति २०८१।१२।१७ को निर्णय अनुसार गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बढुवा समितिको सचिवालयको पत्र सङ्ख्या २०८१/८२, मिति २०८१।११।२५, च.नं. ४६ को पत्र सहित बढुवा नियुक्तिका लागि आउनुभएका **श्री दोलराज गैह्रे**लाई गण्डकी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४३(२) र १६ (१) बमोजिम स्थानीय कृषि सेवा, ला.पो. एण्ड डे.डे. समुह, सातौं तहको पशु विकास अधिकृत पदमा मिति २०८१।११।२४ देखि ज्येष्ठता कायम हुने गरी बढुवा नियुक्ति गरेकोले सोही ऐनको दफा १६ (१) को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**बिकाश परियार**
**प्रमुख प्रशासकीय अधिकृत**